# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा सरकारी कामको सिलसिलामा दक्षिण कोरिया जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री इन्द्रराज मिश्रलाई मिति २०४५।२।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना १

श्री ५ को सरकारको मिति २०४४।११।१७ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ सेवा, सिभिल समूह, ट्रान्सपोर्टेशन उप-समूह, रा.प.तृ. श्रेणी (प्रा.) का देहायका अधिकृतहरूलाई देहायको मितिदेखि लागू हुने गरी नि.से.नि., २०२१ को नियम १०.१.६ (५) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाइएको छ।

| क.सं. | पद | नाम, थर | पदसंख्या | लागू हुने मिति |
|---|---|---|---|---|
| १. | अ.इ. | श्री शिवकृष्ण श्रेष्ठ | नि।या।सा।वि।०७।१०२ | २०४०।३।१ |
| २. | " | श्री सुधीरकुमार दाश | नि।या।सा।वि।०७।४ | २०४३।१२।५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।